05 Sept 2024

National News

मुख्य समाचार

- राष्ट्रिय शिक्षक पुरस्कारले देशभरिका 82 जना शिक्षक पुरस्कृत: राष्ट्रपतिले गर्नुभयो शिक्षकहरूको प्रशंसा
- भारत र सिंगापुर बिचमा चारवटा समझदारीपत्रमा हस्ताक्षर: प्रधानमन्त्रीले दिनुभयो लगानीकर्ताहरूलाई भारतमा लगानी गर्न निमन्त्रणामा
- निर्वाचन आयोगले गर्यो जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो चरणको लागि अधिसूचना जारी
- अरब सागरमा भारतीय तटरक्षक ध्रुव हेलिकप्टरबाट बेपत्ता भएका पाइलटको खोजी जारी
- प्याजको मूल्य बढेपछि केन्द्रले सुरु गर्यो दिल्ली र मुम्बईमा खुद्रा बिक्री

राष्ट्रिय शिक्षक पुरस्कारले देशभरिका 82 जना शिक्षक पुरस्कृत: राष्ट्रपतिले गर्नुभयो शिक्षकहरूको प्रशंसा

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले शिक्षक र अभिभावकले बालबालिकालाई सधैं महिलाको मर्यादाअनुसार चल्ने विषयमा पढाउनुपर्ने कुरामा जोड दिनुभएको छ। उहाँले आज साँझ नयाँ दिल्लीमा शिक्षक दिवसको अवसरमा आयोजित राष्ट्रिय शिक्षक पुरस्कार समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। राष्ट्रपतिले शिक्षालाई समावेशी बनाएकोमा शिक्षकहरूको प्रशंसा गर्नुभयो। नयाँ शिक्षा नीतिमा बालबालिकाको चौतर्फी विकास हुने र सीप विकासमा विशेष जोड दिइएको पनि उहाँले बताउनुभयो। समारोहमा 82 जना शिक्षकलाई राष्ट्रिय शिक्षक पुरस्कारले सम्मान गरिएको थियो।

भारत र सिंगापुर बिचमा चारवटा समझदारीपत्रमा हस्ताक्षर: प्रधानमन्त्रीले दिनुभयो लगानीकर्ताहरूलाई भारतमा लगानी गर्न निमन्त्रणामा

भारत र सिंगापुरले स्वास्थ्य र औषधि, शिक्षा र सीप विकास, डिजिटल प्रविधि र भारत-सिंगापुर सेमिकन्डक्टर प्रणाली साझेदारीका क्षेत्रमा सहयोगका लागि चारवटा समझदारीपत्रमा हस्ताक्षर गरेको छ। दुवै देश आफ्नो सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीमा लैजान पनि सहमत भएका छन्। यसले भारतको ACT EAST नीतिलाई प्रवर्ध्दन गर्ने बताइएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदी र सिंगापुरका प्रधानमन्त्री श्री लरेन्स वोङबीच आज भएको प्रतिनिधिमण्डल-स्तरीय वार्तापछि यो निर्णय गरिएको हो। सिंगापुरमा भएको वार्तामा दुई नेताले द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्दै दुई देशबीचको व्यापार र लगानी विस्तार गर्न आह्वान गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले सिंगापुरको भारतीय अर्थतन्त्रमा

लगभग 160 अर्ब अमेरिकी डलरको लगानी रहेको र भारतको प्रमुख आर्थिक साझेदार भएको बताउनुभयो। भारतको द्रुत र दिगो विकासले सिंगापुरका संस्थाहरूका लागि ठूलो लगानीका अवसरहरू खोलिएको पनि उहाँले बताउनुभयो।

दुवै प्रधानमन्त्रीले सुरक्षा, सामुद्रिक सुरक्षा जागरुकता, शिक्षा, आर्टिफिसियल इन्टेलिजेन्स, वित्तीय प्रविधि, विज्ञान तथा प्रविधि र ज्ञान आदानप्रदानका क्षेत्रमा सहयोगको वर्तमान अवस्थाको समीक्षा गर्नुभयो। दुवै नेताले जनस्तरमा सम्पर्क बढाउन र आर्थिक सहयोग सुदृढ गर्नमा जोड दिनुभएको छ। वार्तामा उहाँहरूले ग्रीन करिडोर आयोजनालाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो।दुई नेतोको बीच गत महिना सिंगापुरमा भएको दोस्रो भारत-सिंगापुर मन्त्रीस्तरीय राउन्ड टेबल वार्ताको पनि छलफल भएको थियो। वार्तामा सन् 2025 मा दुई देशबीचको द्विपक्षीय सम्बन्धको 60 औँ वार्षिकोत्सव मनाउने विषयमा पनि छलफल भएको थियो। दुई नेताहरूले भारत-आसियान सम्बन्ध सहित पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल गर्नुभयो।
आफ्नो वक्तव्यमा प्रधानमन्त्री श्री मोदीले सिंगापुर साझेदार देश मात्र नभएर हरेक विकास-उन्मुख राष्ट्रका लागि प्रेरणा भएको बताउनुभयो। प्रधानमन्त्री श्री मोदी र सिंगापुरका प्रधानमन्त्री श्री लरेन्स वोङले सिंगापुरको अग्रणी सेमीकन्डक्टर र इलेक्ट्रोनिक्स कम्पनी EM HOLDINGS लिमिटेडको भ्रमण पनि गर्नुभयो। दुवै नेतालाई सेमिकन्डक्टरको ग्लोबल चेन, यसको सञ्चालन र भारतका लागि कम्पनीको योजनाबारे जानकारी गराइएको थियो।
प्रधानमन्त्री श्री मोदीले सेमिकन इन्डिया प्रदर्शनीमा सहभागी हुन सिंगापुरका सेमीकन्डक्टर कम्पनीहरूलाई निम्तो दिनुभएको छ।
प्रधानमन्त्री श्री मोदीले सिंगापुरका राष्ट्रपति श्री थर्मन SHAN-MUGARATHNAM र अन्य विशिष्ट व्यक्तिहरूसँग पनि भेट गर्नुभयो। भेटका क्रममा मोदीले राष्ट्रपतिलाई दुई देशबीचको साझेदारीमा सहयोग गरेकोमा धन्यवाद दिनुभयो। सिंगापुरका शीर्ष कम्पनीका सीईओ र व्यापारीहरूले पनि भारतमा लगानीबारे छलफल गर्न श्री मोदीसँग भेट गरेका थिए।

## निर्वाचन आयोगले गर्यो जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो चरणको लागि अधिसूचना जारी

निर्वाचन आयोगले आज जम्मू कश्मीर विधानसभा चुनावको तेस्रो चरणको लागि अधिसूचना जारी गरेको छ। विधानसभा चुनावको तेस्रो र अन्तिम चरणमा कुपवाडा, बारामुल्ला, बांदीपोरा, उधमपुर, कठुआ, साम्बा र जम्मू जिल्लाका कुल 40 सिटमा मतदान हुनेछ। कश्मीर डिभिजनमा यस चरणमा 16 विधानसभा क्षेत्रहरूमा मतदान हुँनेछ। उम्मेदवारी दर्ता गर्ने

अन्तिम मिति 12 सेप्टेम्बर रहेको छ। उम्मेदवारीको छानबिन सेप्टेम्बर 13 मा हुनेछ भने सेप्टेम्बर 17 सम्म नाम उम्मेदवारहरुले नाम फिर्ता लिन सक्नेछन्। अक्टोबर 1 मा मतदान हुनेछ भने भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री श्री अमित शाह पार्टीको घोषणापत्र जारी गर्न र राजनीतिक सभाहरूलाई सम्बोधन गर्न सेप्टेम्बर 6 देखि जम्मूको दुई दिने भ्रमणमा जानुहुनेछ।

<u>अरब सागरमा भारतीय तटरक्षक ध्रुव हेलिकप्टरबाट बेपत्ता भएका पाइलटको खोजी जारी</u>

गुजरातको पोरबन्दर तट नजीक अरब सागरमा भारतीय तटरक्षक ध्रुव हेलिकप्टरबाट बेपत्ता भएका पाइलटको खोजी भइरहेको छ । भारतीय तटरक्षक गार्डका चार जहाज, भारतीय नौसेनाका दुई जहाज र कैयौं विमान उद्धारका लागि खटिएका छन् ।भारतीय तटरक्षक कमाण्डेन्ट अमित उनियालले अल इन्डिया रेडियोलाई जानकारी दिए अनुसार भारतीय नौसेना clearance diving टोलीले विशेष जहाजहरू सहित भारतीय तटरक्षक गार्डको साथमा खोज र उद्धार कार्यमा सहयोग गरिरहेको छ। हालसम्म विमान चालक दलका दुई जनाको शव फेला परेको र बेपत्ता चालक दलका एक सदस्यको खोजी भइरहेको उहाले बताउनु भएको छ। दुर्घटनापछि विमान चालक दलका एक सदस्यको सकुशल उद्धार पनि गरिएको उहाले बताउनुभएको छ। दुर्घटनामा परेको हेलिकप्टरको भग्नावशेष फेला परेको र black box को खोजी भइरहेको उहाले थप बताउनु भएको छ। कोस्ट गार्डले यस घटनाको छानबिन गर्न आदेश दिएको छ। यस दुर्घटनापछि भारतीय तटरक्षक गार्डका सबै 19 वटा हल्का लडाकु विमानहरुलाई सावधानीका रूपमा हवाईग्राउन्ड गरिएको छ ।

<u>प्याजको मूल्य बढेपछि केन्द्रले सुरु गर्यो दिल्ली र मुम्बईमा खुद्रा बिक्री</u>

प्याजको मूल्य बढेपछि केन्द्रले आज राजधानी दिल्ली र मुम्बईमा प्रतिकिलो 35 रुपैयाँमा खुद्रा बिक्री सुरु गरेको छ। यी क्षेत्रहरूमा भारतीय राष्ट्रिय सहकारी उपभोक्ता संघ लिमिटेडको मोबाइल भ्यान र खुद्रा पसलहरूबाट प्याज बिक्री गरिनेछ। दिल्लीमा मोबाइल भ्यानबाट प्याज बिक्री कृषि भवन,NCUI Complex, राजीव चोक मेट्रो स्टेशन, पटेल चौक मेट्रो स्टेशन, CGO, नोएडा र गाजियाबाद सहित 38 स्थानहरूमा हुनेछ। केन्द्रीय उपभोक्ता मामिला मन्त्री श्री प्रह्लाद जोशीले सरकारले आगामी दिनमा कोलकाता, भुवनेश्वर, हैदरावाद, चेन्नई, बैंगलोर, अहमदाबाद, गुवाहाटी र रायपुरमा पनि यो योजना सुरु गर्ने बताउनु भयो।